# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा प्रदेश स्तरीय दादुरा रूबृला खोप अभियान समीक्षा तथा IPV खोप अभियानको योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ।



"स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोप वडा सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ आज मिति २०८० साल चैत्र २९ गतेका दिन अन्नपुर्ण गाउँपालिकाको ३ नं. वडामा पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा कार्यक्रम सु-सम्पन्न गरिएको छ। उक्त घोषणा समारोहमा २०८० चैत्र महिना सम्ममा ०-१५ महिनासम्मका सवै बालबालिकाहरुले राष्ट्रिय खोप तालिका बमोजिम खोप पाइरहेको र १६-५९ महिनाका सवै बालबालिकाले पूर्ण खोप प्राप्त गरेको घरधुरी सर्वेक्षण र खोप रजिस्टरबाट सुनिश्चित गरिएको हुँदा उक्त कार्यको प्रशंसा गर्दै प्रमाण-पत्र प्रदान गरिएको थियोभने आगामी दिनमा समेत पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा कायम राख्ने प्रतिबद्धता व्यक्त गरि उपस्थित सम्पूर्णले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभएको थियो।




व्यास नगरपालिका, तनहुँको ३२ औं स्थापना दिवसको अवसरमा कार्यसम्पादन मुल्यांकनको आधारमा स्वास्थ्य तर्फका उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिएको छ।



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा स्वास्थ्यकर्मीहरुका लागी आधारभुत स्वास्थ्य सेवा STP/SOP सम्वन्धी अभिमुखिकरण कार्यक्रम पहिलो ब्याच सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार




पछिल्लो समय गण्डकी प्रदेशका विभिन्न स्थानमा सुंगुर/ बंगुरमा African Swine Fever को संक्रमण बढ्दै गएको र कुश्मा नगरपालिका पनि यस संक्रमणको उच्च जोखिममा रहेको कुरा मध्यनजर गर्दै यसबाट हुन सक्ने सम्भावित क्षति कम गर्न कुश्मा नगरपालिका, पर्वतको पशु सेवा शाखाले चुना, फिनेल जस्ता औषधीजन्य सामग्री निशुल्क रुपमा वितरण गरेको छ ।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र म्याग्दीको आयोजनामा रघुगंगा गाउँपालिका-२, स्थित मैदान आमा समूहको हलमा स्वस्थकर जीवनशैली प्रवर्धनमा गृहिणीहरूका लागि भान्सा सुधार कार्यक्रम संचालन भएको छ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, म्यादीका निमित्त कार्यालय प्रमुख दामोदर शर्माको अध्यक्षता रहेको उक्त कार्यक्रममा रघुगंगा २ का महिला सदस्य उमादेवी के.सी.को प्रमुख आतिथ्यता, जैमिनी नगर पालिकाका आयुर्वेद शाखा प्रमुख डाक्टर लक्ष्मी प्रसाद शर्मा बिशिष्ट आतिथ्यतामा संचालन भएको थियो । स्थानिय समाजसेवी देवेन्द्र बहादुर मल्ल लगायतको शुभकामना मन्तव्य, स्वागत मन्तव्य महेन्द्र राखु आयुर्वेद औषधालयका प्रमुख लक्ष्मण शर्मा चालिसेको स्वागत मन्तव्य र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, म्याग्दीको वैद्य निरिक्षक प्रेम प्रसाद गौतमको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा हालै मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्वबाट सरुवा भई आउनुभएका डाक्टर जितेन्द्र कँडेलको स्वागत स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काको अध्यक्षतामा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

पोखरा, नेपाल




हरेक महिनाको पहिलो र अन्तिम शुक्रबार दश मिनेट अभियान" २०८० चैत महिनाको अन्तिम शुक्रबार आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुङ्गका कर्मचारीहरु कार्यालय वरिपरि सरसफाइ अभियान संचालन गरि सम्पन्न भएको छ।



बेनी अस्पताल, म्याग्दीमा हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा सुरु भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**



पर्वत अस्पतालमा यस आ.ब.को ७५ औं र नयाँ बर्ष २०८१ को पहिलो अप्रेसन (C/S) गरिएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको नियमित बैठक सञ्चालन भएको छ। बैठकको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काले गर्नुभएको थियो।



# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



प्रहरी चौकी, फलेबास, पर्वतको आयोअजनामा फलेवास नगरपालिका - ४ मुडिकुवा, पर्वतमा टोल सुधार समितिका संयोजक दिपक भुसालको अध्यक्षतामा स्थानिय आमा समुह, टोल सुधार समिति, स्थानिय व्यक्तिहरुको उपस्थितिमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत घरेलु हिंसा तथा लैङगिक हिंसा नियन्त्रण सम्बन्धी लघुसचेतना कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा हालै सरुवा भई आउनुभएका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक रमेश प्रसाद अधिकारीलाई निर्देशनालयका महानिर्देशक खिम बहादुर खड्काले स्वागत गर्नुभएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँको आयोजनामा अन्तर्गतको चारघरे र देउराली स्वास्थ आमा समूहको नियमित मासिक बैठक सम्पन्न भएको छ। जसमा वालवालिकाको वृद्धि विकासको नियमित अनुगमन साथै गर्भवती आमा तथा वालवालिकाको पोषण अवस्था बारे अनुगमन तथा उपस्थित वृद्धवृद्धाहरुको रक्तचाप मापन तथा आवश्यक अनुसारको उचित परामर्श साथै औलो र क्षयरोगको बारेमा वृहत रुपमा जानकारीमूलक सचेतना कार्यक्रम तथा राष्ट्रिय भिटामिन-ए र जुकाको औषधी ६ महिना ५ वर्ष सम्मका सबै बालबालिकालाई खुवाउने बारेमा छलफल गर्दै कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार




प्रहरी चौकी, रानीपानी पर्वतको आयोजनामा बिहादी गाउँपालिका-२ वर्राचौर स्थित श्री आम्वारी मा.वि.मा सोही विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रत्न बहादुर कुवँरको अध्यक्षतामा शिक्षक, शिक्षिका विद्यार्थीहरुको उपस्थितिमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आत्महत्या रोकथाम सम्बन्धी सचेतना कार्यक्रम संचालन भएको छ।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङमा पदस्थापना हुनु भएका कार्यालय प्रमुख डाक्टर उत्सव पौडेलको स्वागत कार्यक्रम संचालन भएको छ। सफल कार्यकालको सुभकामना ब्यक्त गर्दछौ।



नया वर्षको अवसर संगै मंगला गाउँपालिका, म्याग्दीका अन्तर्गतका स्वास्थ्यकर्मिहरुसंग अन्नपुर्ण गाउॅपालिका अन्तर्गत नारच्याङ्ग स्वास्थ्य चौकी अध्ययन तथा भेटघाट कार्यक्रम सम्पन्न भएको छ।



अमलाचौर स्वास्थ्य चौकी, बागलुङलाई बाग्लुङ्ग नगरपालिका १२, पात्लेखेत जन्मघर भई हाल बुटबल उपमहानगरपालिका १५, रतनपुर निवासी प्रेम प्रसाद पौडेलले स्व.आमा भिमकला पौडेलको सम्झनामा ९ गोटा बालबालिकालाई तौल लेखाजोखा गर्ने मेशिन र १८५ गोटा सेनीटरी प्याड उपलब्ध गराउनुभएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार



आधारभुत स्वास्थ्य सेवा केन्द्र खर्वाङ, बाग्लुङ्गको आफ्नै भवनबाट सेवा प्रवाह शुरु भएको छ। स्वास्थ्य सेवा केन्द्रको भवन बडिगाड गाउँपालिकाका अध्यक्ष्य गण्डकी थापा अधिकारीले उद्घाटन गर्नुभएको थियो। कार्यक्रममा जग्गादाताहरुलाई सम्मान गरिएको थियो।कार्यक्रममा सरोकारवालाहरुको उपस्थिती रहेको थियो।




दमक स्वास्थ्य चौकी, बाग्लुंग नियमित खोपमा सरसफाई प्रबर्धन कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा मानसिक स्वास्थ्य सम्बन्धि पारामेडिकसहरुको लागि Mental Health Training Module 2b तालिम सम्पन्न भएको छ। जिल्लाका दशवटा स्थानिय तहका २५ जना स्वास्थ्यकर्मिहरुको सहभागिता रहेको तालिमको सहजिकरण वेनि अस्पतालका डा अनुषा मानन्धर, धौलागिरि अस्पतालका डा मनकाजि थापा तथा WHOका डाक्टर पोषण न्यौपानेद्वारा सहजिकरण गर्नु भएको थियो। स्वास्थ्य कार्यालय बागलुङका प्रमुख बाबुराम आचार्यको अध्यक्षतामा सन्चालन भएको कार्यक्रमको व्यबस्थापन स्वास्थ्य कार्यालयका देव प्रकाश घिमिरेले गर्नु भएको थियो। स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त पौडेल लगायतको टिमले अनुगमन गर्नुभएको थियो।




**मानसिक स्वास्थ्य : सबैको अधिकार**

# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




अजिरकोट गाउँपालिका, गोरखाको आयोजना तथा नेपाल आँखा अस्पताल, त्रिपुरेस्वर, काठमाडौंको प्राबिधिक सहयोग र मुटु फाउन्डेसनको प्रायोजनमा गोरखा जिल्लाको अजिरकोट गाउँ पालिका वडा नम्बर ३ स्थित भच्चेक आधारभूत अस्पतालमा संचालन भएको छ। नेपाल आँखा अस्पतालका बरिष्ठ नेत्ररोग विशेषज्ञ डाक्टर पुनम श्रेष्ठको नेतृत्व रहेको थियो।




लोमान्थाङ्ग गाउँपालिका, मुस्ताङ्गको आयोजनामा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ कार्यक्रम संचालन भएको छ ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



जलजला गाउँपालिका, पर्बतको आयोजनामा वनौ स्वास्थ्य चौकी, पर्बतको समन्वय र स्वास्थ्य कार्यालय, पर्बतको प्राविधिक सहयोगमा IMNCI स्थलगत अनुशिक्षण कार्यक्रम समपन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




टुकुचे स्वास्थ्य चौकी, मुस्ताङको आयोजनामा नियमित खोप सेवा मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको छ।




मंगला गाउँपालिका, म्याग्दीको आयोजनामा वडा न ३ बरंजा स्वास्थ्य चौकीमा पुर्ण खोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा कार्यक्रम सम्पन्न भएको छ।



भुलभुले स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा नियमित खोपसँगै बालबालिकाको तौल अनुगमन र सरसफाई प्रवर्द्धन कार्यक्रम संचालन भएको छ।




स्वास्थ्य कार्यालय, तनहुँको आयोजनामा खोप सम्बन्धी ४ दिने आधारभुत तालिम आँबुखैरेनी गाउँपालिकामा संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार




हिस्तान स्वास्थ्य चौकीको आयोजनामा "स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोप वडा सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ अन्नपूर्ण गाउँपालिकाको ७ नं. वडालाई पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा समारोह गाउँपालिकाका उपाध्यक्ष, ७ नं. वडा अन्तर्गतका जनप्रतिनिधीहरु, स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु, वडा खोप समन्वय समितिका पदाधिकारीहरु, स्थानीय क्लवका प्रतिनिधिहरु, हिस्तान मंडली स्वास्थ्य चौकी स्वास्थ्यकर्मीहरु, आमा समूहका प्रतिनिधिहरु, स्थानीय विद्यालयका शिक्षकहरु, म.सा.स्वा.स्व.से.हरु, टोल सुधार समितिका पदाधिकारीहरु, एवं विभिन्न सरोकारवालाहरु लगायतको उपस्थितिमा सम्पन्न भएको छ। उक्त घोषणा समारोहमा चालु आ.व. को चैत्र महिना सम्ममा ७ नं. वडा अन्तर्गतका ०-१५ महिना सम्मका सम्पुर्ण बबालबालिकाहरूले राष्ट्रिय खोप तालिका बमोजिम खोप पाइरहेको र घरधुरी सर्वेक्षणमा १६-५९ महिनाका सबै बालबालिकाले पूर्णखोप प्राप्त गरेको सुनिश्चित गरिएको हुँदा उक्त कार्यको प्रशंसा गर्दै ७ नं. वडा कार्यालय र हिस्तान स्वास्थ्य चौकीलाई प्रमाण-पत्र प्रदान गरिएको थियोभने आगामी दिनमा समेत पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना वडा कायम राख्ने प्रतिबद्धता व्यक्त गरि उपस्थित सम्पूर्णले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभएको थियो।



ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाई, तनहुँको आयोजनामा राष्ट्रिय भिटामिन "ए" वितरण कार्यक्रम अन्तर्गत ६ महिना देखि ५ वर्ष सम्मका वालवालिकालाइ भिटामिन "ए" १ वर्ष देखि ५ वर्ष सम्मका र जुकाको औषधी खुवाउने कार्यक्रम ऋषिङ्ग गाउँपालिका वडा नः २ अन्तर्गत ग्वास्लुङ् गाउमा संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सााप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




पौबेगौंड़े स्वास्थ्य चौकी, स्याङ्गजाको आयोजनामा राष्ट्रिय भिटामिन ए वितरण कार्यक्रम अन्तर्गत ६ महिना देखि ५ वर्ष सम्मका वालवालिकालाइ भिटामिन ए र १ वर्ष देखि ५ वर्ष सम्मका र जुकाको औषधी खुवाउने कार्यक्रम संचालन भएको छ।






जलजला गाउँपालिका-९, पर्बत अन्तर्गत बनौ स्वास्थ्य चौकि, पर्बतद्वारा पुर्ण खोप सुनिश्चितता, हात्तिपाइले बिरामीहरुको सर्बेक्षण सगै दिर्घ रोगिहरुको तथ्यांक संकलन महिला सामुदायिक स्वास्थ स्वमसेबिकाहरुको उपस्थितिमा संचालन भएको छ।


**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




रास्ट्रिय भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम सामुदायिक महिला स्वास्थ्य स्वयमसेविका जलजला गाउँपालिका वडा नम्बर ३ बगरफाँटमा संचालन भएको छ।








"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार





प्रहरी चौकी, देउपुर डिमुवा, प्रहरी चौकी, वारीबेनी, प्रहरी चौकी, वहाँकीठाटी र अतिरिक्त प्रहरी, पोष्ट मालढुङ्गा पर्वतद्वारा जिल्ला स्थित विभिन्न स्थानहरुमा आगोलागी नियन्त्रण, आत्महत्या रोकथाम नियन्त्रण र सडक सुरक्षा सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन भएको छ।



सिक्लेस स्वास्थ्य चौकी, कास्कीको आयोजनामा राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालन भएको छ।




**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ बेनि अस्पताल र बिरेन्द्रचोक, म्याग्दी




गलकोट नगरपालिका, बाग्लुङ्गको नगर स्वास्थ्य प्रोफाईल सार्वजनिक गरिएको छ । गलकोट नगरपालिका स्वास्थ्य शाखाले आर्थिक वर्ष २०७९/८० मा भएका गतिविधि र वार्षिक प्रगति प्रतिवेदनलाई समेटेर नगर स्वास्थ्य प्रोफाईल सार्वजनिक गरेको हो। उक्त प्रोफाईलमा आर्थिक वर्ष २०७९/८० मा सम्पादित भएका स्वास्थ्यका कार्यक्रमहरु, प्रगती, स्वास्थ्य कार्यक्रमका समस्या र चुनौती, स्वास्थ्य संस्थाको भौतीक अवस्था, जनशक्ति व्यवस्थापनको अवस्था, वित्तिय प्रगति लगायतका विवरणहरु समावेश गरेर स्वास्थ्य प्रोफाईल प्रकाशन गरिएको हो।



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ टुकुचे स्वास्थ्य चौकी, मुस्ताङ्ग



ग्वालिचौर सामुदायिक स्वास्थ्य इकाई, बाग्लुङ्गमा नियमित तौल अनुगमनका साथै भिटामिन ए क्याप्सुल र जुकाको औषधी सेवन कार्यक्रम संचालन भएको छ, साथै सबै भन्दा धेरै तौल लिने आमालाई अन्डा बितरण गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




मातृशिशुमा एपेण्डिक्सको सफल शल्यक्रिया भएको छ। धादिङ स्थायी घर भई के आई सिंह पुल, कास्कीमा बसोबास भएका नवराज थापा मगरको मातृशिशु मितेरी अस्पतालका जेनेरल सर्जन डाक्टर नवीन रेग्मीको नेतृत्वमा रहेको मेडिकल टीमले सफल शल्यक्रिया गरेको हो।






६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ तिलाहार स्वास्थ्य चौकी, पर्बत अन्तर्गत रातामाटा र थामर्जुङ टोल, पर्बत



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ ठूलाडिही स्वास्थ्य चौकी, स्याङ्जा

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार




६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ पाण्डबखानि स्वास्थ्य चौकी, बाग्लुङ्ग



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ याङ्जाकोट स्वास्थ्य चौकी, कास्की



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ नरेठाटी स्वास्थ्य चौकी, बाग्लुङ्ग




आँबुखैरेनी गाऊँपालिका, तनहुँ अन्तर्गतको आँबुखैरेनी अस्पताललाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाण्डौबाट आँबुखैरेनी अस्पतालको लागी थप २ थान डायलाशिस मेशीन हस्तान्तरण भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




नियमित तौल अनुगमन @ जलजला सामुदायिक स्वास्थ्य ईकाई, बाग्लुङ्ग

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रूप लिन सक्दछ ।**



बिर्घा स्वास्थ्य चौकी, स्याङ्गजाको आयोजनामा गर्भवति दर्ता तथा अनुगमन कार्यक्रम महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरूको लागि १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ भोटेओडार स्वास्थ्य चौकी, लमजुङ्ग

# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ कुश्मा ७ खरेहाआधारभूत स्वास्थ्य सेवा केन्द्र, पर्बत



ऋषिङ्ग गाउँपालिका, तनहुँ-२ स्थीत ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाईमा नियमित खोप संचालन साथै सरसफाई प्रवर्धन कार्यक्रम तथा २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थिति जाच साथै स्वास्थ्य आमा समुहको नियमित मासिक बैठक सम्पन्न भएको छ।



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ बिम स्वास्थ्य चौकी, म्याग्दी

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा कुष्ठरोग सम्बन्धि आधारभूत तालिम सम्पन्न भएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा हालै सरुवा भई आउनुभएका मेडिकल अधिकृत डाक्टर जितेन्द्र कंडेललाई निर्देशनालयका महानिर्देशक खिम बहादुर खड्काले स्वागत गर्नुभएको छ।



स्वास्थ्य प्रवर्धनकालागि जीवन शैली परिवर्तन तथा योग कार्यक्रम सम्पन्न भएको छ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र नवलपरासी (पूर्व) को आयोजनामा गैंडाकोट नगरपालिका -१४ मा २ दिने जीवन शैली परिवर्तन तथा योग कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रको उद्घाटन सत्रमा सोही नगरपालिका १४ का अध्यक्ष कोकीसरा रानामगरको प्रमुख आतिथ्यता रहेको थियोभने जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका वरिष्ठ कविराज निरीक्षक गोकुल पराजुलीको सभापतित्वमा सम्पन्न भएको थियो। प्रशिक्षकको रुपमा स्थानीय गैंडाकोट नगरपालिका आयुर्वेद शाखा प्रमुख विष्णु प्रसाद पौडेल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका विष्णु प्रसाद ढकाल र डिलराम कँडेलको उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागी रुपमा सोही वडाका आमा समूहका प्रमुख र प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ मुडिकुवा स्वास्थ्य चौकी, पर्बत

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रूप लिन सक्दछ ।**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाख ९, April 21, 2024 आइतबार



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ सल्यान स्वास्थ्य चौकी, कास्की



लमजुङ अस्पतालमा नर्सिङ प्रमुखका रुपमा कार्यरत नर्सिङ अधिकृत अन्जना पौडेल अध्ययन बिदामा जान लाग्नु भएकाले उहाँलाई बिदाई गरिएको छ।



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा Digital Health सम्बन्धि बैठक संचालन भएको छ। कार्यक्रम मन्त्रालयका सचिब डाक्टर बिनोद बिन्दु शर्माको प्रमुख उपस्थितिमा संचालन भएको थियो।



लमजुङ अस्पतालमा दमौली अस्पताल, तनहुँबाट अवलोकन भ्रमणका लागी आउनुभएका अस्पताल व्यवस्थापन समितिका सदस्यहरू र मेडिकल सुपरिटेन्डेन्ट सहितको स्वागत गरिएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८९, वर्ष ६, २०८१ बैशाक ९, April 21, 2024 आइतबार



६ महिना देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधि र भिटामिन ए खुवाउने कार्यक्रम @ छोप्राक स्वास्थ्य चौकी, गोरखा



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा कार्यरत जनस्वास्थ्य अधिकृत रविना ठगुन्ना वैवाहिक जीवनमा प्रवेश गर्नुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!



**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com

